# लोक सेवा आयोग

## नेपाल सङ्घीय संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/१४

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा, समूह सम्बन्धी

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

**Section – A** — **20 Marks**

1. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्न सकिने न्यायिक समितिको अधिकारक्षेत्र उल्लेख गर्दै ती अधिकारक्षेत्रको प्रयोग विधिबारे संक्षेपमा प्रष्ट पार्नुहोस्। 3+2=5
2. लोक सेवा आयोग ऐन, २०७९ अनुसार लोक सेवा आयोगको वार्षिक प्रतिवेदनमा के-के कुराहरू उल्लेख गर्नुपर्दछ ? लेख्नुहोस्। 5
3. विभिन्न राजनीतिक दलको प्रतिनिधित्व गर्ने संसदका सदस्यहरूलाई तटस्थ र व्यवसायिकरूपमा सेवा प्रवाह गर्नुपर्ने विशिष्टिकृत सेवाको रूपमा रहेका सङ्घीय संसद सेवाको तटस्थता र व्यवसायिकताको विद्यमान अवस्था तथा व्यवहारिक चुनौतीहरूको विश्लेषण गर्नुहोस्। 5+5=10

**Section – B** — **20 Marks**

4. द्वन्द्व भनेको के हो ? द्वन्द्व व्यवस्थापनका उपायहरू संक्षेपमा उल्लेख गर्नुहोस्। 2+3=5
5. व्यवस्थापन परीक्षण भन्नाले के बुझिन्छ ? व्यवस्थापन परीक्षणसम्बन्धी विद्यमान नीतिगत तथा कानूनी व्यवस्थाहरू उल्लेख गर्नुहोस्। 2+3=5
6. नेपालमा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताका लागि गरिएका व्यवस्थाहरू उल्लेख गर्दै सार्वनजिक सेवा प्रवाहमा रहेका समस्याहरू औंल्याउनुहोस्। 5+5=10

**Section – C** — **30 Marks**

7. विद्यमान वाणिज्य नीतिका लक्ष्य र उद्देश्यहरू उल्लेख गर्नुहोस्। 5
8. अन्तरव्यवस्थापिका सङ्घ (Inter-Parliamentary Union, IPU) का प्रमुख उद्देश्यहरू उल्लेख गर्नुहोस्। 5
9. राष्ट्रिय गौरवका विकास आयोजनाहरूले भोग्नु परेका साझा समस्याहरूको पहिचान गर्दै आयोजनाहरूलाई प्रभावकारी ढंगबाट सञ्चालन गरी उपलब्धिमूलक बनाउन गर्नुपर्ने नीतिगत, संस्थागत र व्यवहारिक उपायहरू सुझाउनुहोस्। 4+6=10
10. शक्ति पृथकीकरण र शक्ति सन्तुलन तथा नियन्त्रणको सैद्धान्तिक अवधारणा प्रष्ट पार्दै नेपालको संविधानले सरकारलाई संसदप्रति उत्तरदायी बनाउन के-कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस्। 4+6=10

**Section – D** — **30 Marks**

11. सङ्घीय संसद सचिवालयमा विधेयक दर्ताका लागि पठाउँदा पेस गर्नुपर्ने कागजात र तिनको औचित्य उल्लेख गर्नुहोस्। 5
12. पेश्की भनेको के हो ? पेश्की फछ्र्योट गर्दा अपनाउनु पर्ने कार्यविधि के-के हुन् ? उल्लेख गर्नुहोस्। 1.5+3.5=5
13. विधि निर्माणको क्रममा सङ्घीय संसदमा अवलम्बन गरिने व्यवस्थापन कार्यविधिबारे चर्चा गर्नुहोस्। साथै पूर्व विधायिकी चरण र उत्तर विधायिकी चरण भन्नाले के बुझ्नुहुन्छ ? उल्लेख गर्नुहोस्। 6+4=10
14. प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार उल्लेख गर्दै बेरुजु माथिको नियन्त्रणमा यस समितिको भूमिका कस्तो रहन्छ ? विवेचना गर्नुहोस्। 6+4=10

««समाप्त»»